म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१७ अङ्कः- ११४ २०८२ चैत ३ गते मंगलबार 17 March 2026, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं।

सम्पादक।

### मकवानपुरकी पवित्रा बिक काँग्रेसबाट प्रतिनिधिसभा सदस्य

# श्रमशक्तिबाट अन्तिममा बाहिरिइन् मन्दिरा



पवित्रा बिक।



मन्दिरा मोक्तान।

समाज संवाददाता

हेटौंडा : प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत समानुपातिकतर्फ निर्वाचित हुने १ सय २० जना सदस्यको नाम निर्वाचन आयोगको कार्यालयले सोमबार साँझ सार्वजनिक गरेको छ। आयोगले सार्वजनिक गरेको विवरणअनुसार मकवानपुरबाट नेपाली काँग्रेसको सिफारिसमा दलित कोटामा पबित्रा बिक प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको छ। अन्तिम समयमा मकवानपुरकै मन्दिरा मोक्तान भने हर्क साम्पाङ नेतृत्वको श्रमशक्ति पार्टीबाट समानुपातिक सूचिबाट बाहिरिनु भएको छ।

मकवानपुरमा दलित महिला उत्थानको क्षेत्रमा सक्रिय रहनु भएकी बिक मकवानपुरबाट समानुपातिकतर्फ एक मात्र प्रतिनिधीसभा सदस्य बन्नुभएको छ। २०३४ साल जेठ ५ गते दाङ जिल्लाको तत्कालीन हलुवार गाविस-१ जन्मनुभएकी पवित्राको कक्षा-८ मा पढ्दै गर्दा विवाह भएको थियो। बालविवाह भएपनि उहाँले अध्ययनलाई निरन्तरता दिँदै समाजशास्त्र विषयमा स्नात्तकोत्तर गरिसक्नुभएको छ। दलित महिला संघ (फेडो) मा २०५८ देखि निरन्तर सक्रिय पवित्रा २०६१ सालदेखि फेडो मकवानपुर अध्यक्ष हुनुभएको थियो। फेडो बागमती प्रदेशमा समेत अध्यक्षको भूमिका निभाइसक्नुभएकी बिक समावेशी महिलाहरुको सञ्जाल (संकल्प) संस्थाको मध्यमाञ्चल अध्यक्ष समेत हुनुभयो।

२०६१ सालपछि काँग्रेसको भातृ संगठन नेपाल महिला संघको मकवानपुर कोषाध्यक्ष रहनुभएकी पवित्रा नेपाल दलित संघको केन्द्रिय सदस्य समेत हुनुभयो। नेपाली काँग्रेसको १४औं महाधिवेशनमार्फत बिक काँग्रेस महासमिति सदस्यको रुपमा निर्वाचित हुनुभएको थियो। बिक यसअघि पनि २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि समानुपातिकतर्फ उम्मेदवार बन्नुभएको थियो।

यता हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट प्रतिनिधिसभा सदस्यका लागि समानुपातिक उम्मेदवार रहनुभएकी मकवानपुरकी मन्दिरा मोक्तानको नाम अन्तिममा फिर्ता भएको छ। आइतबार बसेको पार्टीको बैठकले मन्दिराको नाम हटाउने निर्णय गरेको थियो। सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै मोक्तानले उम्मेदवारी फिर्ता लिएको जानकारी दिनुभयो। श्रम संस्कृति पार्टीको केन्द्रिय समितिको आइतबार बसेको बैठकले भुगोल अन्तर्गत कर्णाली र मधेस प्रदेशलाई समावेश हुने गरी समावेशिता अपनाउने निर्णय गरेसँगै मन्दिराले उम्मेदवारी फिर्ता लिनुभएको स्पष्ट पार्नुभयो। उहाँले समावेशितालाई पहिलो प्राथमिकतामा राख्दै सम्भव भए सबै भुगोलबाट नभएपनि देशमै पछाडी परेका प्रदेशबाट समानुपातिक उम्मेदवारहरु चयन गर्ने दलको नीति तथा निर्णयसँगै आफू पछि हटेको बताउनभुयो।

आफू जनजाति कोटाबाट समावेश भएको भएपनि दलमा प्रत्यक्षतर्फ नै जनजातिको सँख्या बढी देखिएकोले अन्य क्लस्टरलाई प्राथमिकता दिँदै आफु बाहिरिएको मोक्तानले जानकारी दिनुभयो। उम्मेदवारी फिर्ता लिएपछि आफुलाई पैसा लिएर पद छाडेको आरोप आएको उल्लेख गर्नुहुँदै मन्दिराले भन्नुभयो, 'पार्टीको समावेशी नीतिलाई प्राथमिकतामा राखेर म आफैं पछि हटेको हुँ। पैसा लिएर पद छाडेको भन्ने जस्ता आरोप गलत हुन्।'

श्रम सँस्कृति पार्टीले अन्तिम उम्मेदवारको रुपमा ४ जना समानुपातिक उम्मेदवारहरुमा समावेश गरेको छ। जसमध्ये दलित कोटाबाट कर्णालीकी राधिका रम्तेल, आदिवासी जनजातितर्फ कोशीबाट पूर्णप्रसाद लिम्बु, खस आर्यतर्फ अम्बिकादेवी सङ्ग्रौला र मधेसीतर्फ रुबी कुमारी ठाकुर गरी ४ जना समानुपातिक उम्मेदवारमा समावेश गरेको छ। मकवानपुरमा श्रम सँस्कृति पार्टीबाट समानुपातिकबाट मोक्तानलाई संसद पठाउने भएपछि मकवानपुरबासी उत्साहित भएका थिए। यद्यपी अन्तिम सूचीमा भने मकवानपुर-२ बाट समानुपातिक तर्फ उम्मेदवार बनेर निर्वाचनमा होमिनुभएकी मोक्तानले अर्को पटकको स्थानीय वा प्रदेशको निर्वाचनमा प्रत्यक्ष तर्फकै उम्मेदवार हुने सोच बनाएको समेत पत्रकार सम्मेलनमा बताउनुभयो।

# इनिसालाई न्याय माग्दै जिल्ला प्रशासनमा ज्ञापनपत्र





इनिसालाई न्याय माग्दै आइबार हेटौंडामा विद्यार्थीले गरेको प्रदर्शन।

समाज संवाददाता

हेटौंडा: सुर्खेतकी इनिसा विकको बलात्कारपछि हत्या भएको घटनाको निष्पक्ष न्यायका लागि संयुक्त राजनीतिक दलित संघर्ष समिति मकवानपुरले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पेश गरेको छ। समितिका संयोजक कमलकुमार विश्वकर्माले आइतबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीमार्फत शिघ्र छानबिन गरी दोषीलाई कारवाही गर्न माग गर्दै प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पेश गर्नुभएको हो।

सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका-६ स्थायी घर भई हाल वीरेन्द्रनगर-१ वस्ने १६ वर्षीया इनिसा विकको यहि फागुन २२ गते बलात्कार र हत्या भएकोमा ज्ञापनपत्रमा गहिरो दुःख व्यक्त गर्नुका साथै घटनाको निन्दा एवम् भर्त्सना गरिएको छ। यस्तो जघन्य अपराधले मानवता, कानुनी शासन तथा सभ्य समाजको मूल्य मान्यतामाथि गम्भीर उपहास गरेको ज्ञापनपत्रमा उल्लेख छ।

बलात्कार तथा हत्यामा संलग्नहरुलाई पक्राउ गरेको र उनीहरुले अपराध स्वीकार गरिसकेको अवस्थामा अपराधीहरुलाई बचाउने गरी विभिन्न शक्तिकेन्द्रले मुद्दालाई कमजोर बनाउने र पीडित परिवारलाई हतोत्साही गर्नेजस्ता कामहरु भइरहेको आरोप ज्ञापनपत्रमा लगाइएको छ। घटनाको तत्काल निष्पक्ष, गहिरो र पारदर्शी छानविन गरी दोषीहरूलाई कडा कानुनी कारवाही गर्न तथा पीडित परिवारलाई न्याय, सुरक्षा र उचित क्षतिपूर्ति उपलब्ध गराउनसमेत माग गरिएको छ।

यस्तै, पीडित परिवारलाई सुरक्षा, मनोसामाजिक परामर्श तथा न्यायिक सहयोग तत्काल उपलब्ध गराउन, अनुसन्धान तथा न्याय प्रक्रियामा राजनीतिक दवाव, प्रभाव वा हस्तक्षेप हुन नदिन पनि ज्ञापनपत्रमा माग गरिएको छ। यसैगरी लैङ्गिक हिँसा तथा जातीय विभेदका घटनामा दण्डहीनता अन्त्य गर्न राज्यका निकायहरूलाई थप जिम्मेवार बनाइनुपर्ने माग ज्ञापनपत्रमा छ।

स्थानीय तह, प्रहरी प्रशासन तथा सम्बन्धित निकायहरूले पीडितमैत्री न्याय प्रणाली सुनिश्चित गर्नुपर्ने र हत्या गरिएकी बालिकाको चरित्र हत्या गर्ने समाचार सम्प्रेषणमा रोक लगाइनुपर्ने लगायत मागहरु ज्ञापनपत्रमा उल्लेख गरिएको छ। यस्ता जघन्य घटनामा ढिलासुस्ती, अनुचित प्रभाव वा अन्याय भएको देखिएमा थप सशक्त आन्दोलनमा उत्रने चेतावनीसमेत ज्ञापनपत्रमा दिइएको छ।

# समानुपातिक प्रणालीबाट निर्वाचित हुने ११० को सूचि सार्वजनिक

समाज संवाददाता

हेटौंडा : निर्वाचन आयोगले प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट निर्वाचित हुने ११० सांसदको सूची सार्वजनिक गरेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ६० (९) तथा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा ३८ (१) बमोजिम सम्बन्धित राजनीतिक दलहरूबाट छनौट गरी पेस गरेको उम्मेदवाहरूको विवरण आयोगले सोमबार सार्वजनिक गरेको हो।

निर्वाचित भएका उम्मेदवारहरूलाई बिहीबार बिहान साढे ११ बजे आयोग परिसरबाट प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको आयोगले जानकारी दिएको छ। राजनीतिक दलहरूबाट निर्वाचित भएका प्रतिनिधिसभा सदस्यहरूले सक्कल नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र र २ प्रति पासपोर्ट साइजको फोटो लिएर कार्यालय समयभित्र आयोगको सचिवालयमा रहेको समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित हुनुपर्नेछ।

प्रतिनिधिसभामा ६ वटा दलले समानुपातिकतर्फ थ्रेसहोल्ड पार गरेका छन्। समानुपातिक प्रणालीबाट राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ जना, नेपाली काँग्रेसले २० जना, नेकपा एमालेले १६ जना, नेपाली कम्युनिष्ट पार्टीले ९ जना, श्रम संस्कृति पार्टी र राप्रपाले ४/४ जनाको सिट पाएको छ। आइतबार सम्ममा सबै दलहरुले समानुपातिकतर्फको सूचि बुझाएपछि निर्वाचन आयोगले सोमबार समानुपातिकतर्फको नतीजा सार्वजनिक गरेको हो।

# १ करोड लगानीमा हेटौंडामा रोधी घर



समाज संवाददाता

हेटौंडा : १ करोड रुपैयाँ लगानीमा हेटौंडामा सिरेटो रोधी गजल घर सञ्चालनमा आएको छ। आइतबारबाट हेटौंडा-१०, वाइपासरोडमा रोधी घर सञ्चालनमा आएको हो। थकाली खानासँगै साँझको समयमा दोहोरी, गजलसँगै मौलिक नेपाली लोक भाकाको सांगीतिक प्रस्तुती रहने बताइएको छ। मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले रोधी घरको उद्घाटन गर्नुभयो।

रोधी घर उद्घाटन गर्नुहुँदै अध्यक्ष रानाभाटले पारिवारिक वातावरणमा कानून बमोजिमका क्रियाकलाप गर्न आग्रह गर्नुभयो। रोदी, दोहोरी, गजलको नाममा अश्लिल र कानूनविपरितका कार्य नगर्न अध्यक्ष रानाभाटले सञ्चालकलाई आग्रह गर्नुभएको छ। रोधी घरका सञ्चालक प्रभास क्षेत्रीले हेटौंडामा पारिवारिक वातावरणमा दोहोरी, गजल, लोक भाकाको सांगीतिक मनोरञ्जन गराउने उद्देश्यले रोधी घर सञ्चालनमा ल्याएको बताउनुभयो। काठमाडौंमा दोहोरी घर सञ्चालन गरिसक्नु भएका प्रभासले प्रदेश राजधानीको रुपमा स्थापित हेटौंडामा व्यावसायिक सम्भावना देखेर लगानी गरेको बताउनुभयो।

# 'वन ब्याटल आफ्टर एनदर' अस्करमा सर्वश्रेष्ठ

समाज संवाददाता

हेटौंडा : फिल्म 'वन ब्याटल आफ्टर एनदर' सन् २०२६ को अस्कर अवार्डमा सर्वश्रेष्ठ फिल्म (बेस्ट पिक्चर) घोषित भएको छ। अमेरिकाको लस एन्जलसस्थित डल्बी थिएटरमा सोमबार आयोजित ९८औँ एकेडेमी अवार्ड समारोहमा वार्नर ब्रदर्स स्टुडियोको यो फिल्मले सबैभन्दा ठूलो सम्मान हात पारेको हो। यो फिल्मले सर्वश्रेष्ठ फिल्मसँगै उत्कृष्ट निर्देशक विधामा पनि सफलता हासिल गरेको छ। निर्देशक पल थोमस एन्डरसनले यस फिल्मका लागि उत्कृष्ट निर्देशकको अवार्ड जितेका हुन्।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं







## सम्पादकीय

# ग्यासको कृत्रिम अभाव

बजारमा खाना पकाउने (एलपी) ग्यासको अभाव भएको जनगुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले बजार तथा उद्योग अनुगमन गरेको छ । बजारमा ग्यास बिक्रेताहरुले ग्यास नभएको भन्ने गरेको र भाडामा बस्ने विद्यार्थीलगायतले ग्यास नपाएको जनगुनासो बढेपछि शनिबार अनुगमन गरिएको हो । जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गुणस्तर तथा नापतौल कार्यालय पर्सा, उपभोक्ता हित संरक्षण मञ्च, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरसहितको दुई टोलीले अनुगमन गरेको थियो । हेटौंडा नगरभित्रका सबै १५ वटै एलपी ग्यासका डिलरहरु तथा हेटौंडा-३ स्थित सहारा ग्यास उद्योगमा आकस्मिक अनुगमनसँगै सिलिण्डरहरु नापतौल गरिएको बताइएको छ । अनुगमनको क्रममा कुनै पनि ग्यास डिलरमा ग्यासको कमी नरहेको र सहारा ग्यास उद्योगमा पनि पर्याप्त ग्यास आपूर्ति भइरहेको पाइएको छ ।

नेपाली बजारमा समयसमयमा एलपी ग्यासको कृत्रिम अभाव सिर्जना हुने गरेको छ । सामान्य घटना तथा बजार हल्लाका भरमा सहजरुपमा बिक्रीवितरण भइरहेको ग्यास एक्कासी अभाव हुने गरेको पाइन्छ । मूल्य वृद्धि वा कमी हुँदा, नेपाल आयल निगमले इण्डियन आयललाई समयमा भुक्तानी गर्न नसक्दा, लामो समय यातायात बन्द हुँदा, ग्यास व्यवसायीले विभिन्न माग राखी ग्यास आपूर्ति नगर्दा तत्काल बजारमा ग्यास अभाव भएको बताउने गरिएको छ । ग्यासको आपूर्तिमा सामान्य समस्या देखिनासाथ व्यवसायीले कृत्रिम अभाव सृजना गरी कालोबजारी गर्ने प्रयास गर्दा बजारमा ग्यासको अभाव हुने गर्दछ । यस पटक मध्यपूर्वी एसिया तथा खाडी क्षेत्रमा भएको तनावले ग्यास अभाव बनाइएको छ । केही साताअघि अमेरिकाको सहयोगमा इजराइलले इरानमाथि आक्रमण गरेपछि मध्यपूर्वमा टकराव भइरहेको छ । इरानले आफूमाथिको हमलाको बदला लिन छिमेकी देशहरुका तेल उत्पादन केन्द्रमा ड्रोन आक्रमण गर्नुका साथै तेल ओसारपसार गर्ने समुद्री मार्गमा अवरोध गरेपछि विश्वभर तेल संकट गहिरिएको छ ।

मध्यपूर्व एसियाका इरान, इराक, कुवेत, युएई, साउदी अरब, कतार आदि विश्वमै बढी तेल उत्पादन गर्ने देशहरु हुन् । यी देशहरुबाटै विश्वका धेरै क्षेत्रमा पेट्रोलियम पदार्थ आपूर्ति हुने गर्दछ । नेपालले भारतबाट पेट्रोलियम पदार्थ ल्याउने गरेको भए पनि भारतले मध्यपूर्वी देशहरुबाटै धेरै पेट्रोलियम आयात गर्दछ । भारतले नेपाललाई साविकबमोजिम नै पेट्रोलियम पदार्थ उपलब्ध गराइरहेको भए पनि भारतमै एलपी ग्यासको चरम अभाव रहेको र त्यसको असर नेपालमा पनि पर्ने सम्भावनाले गर्दा आम उपभोक्ताले सक्दो ग्यास सञ्चय गर्दा बजारमा केही समस्या देखिएको हो ।


हेटौंडा बजारका ग्यास डिलरको अनुगमनमा पूर्ववतरुपमै बजारको मागअनुसार ग्यास आपूर्ति भइरहेको पाइएको छ । डिलरमार्फत उपभोक्तासमक्ष बजारमा पठाइने ग्यास सिलिण्डरको संख्यामा कमी भएको छैन । सहारा ग्यास उद्योगले प्रतिमहिना २४ हजार सिलिण्डर ग्यास उत्पादन र वितरण गर्दै आएकोमा फागुन महिनामा मात्रै ३२ हजार सिलिण्डर ग्यास वितरण गरिएको देखिन्छ । ग्यास अभाव कम गर्न नेपाल आयल निगमले केही दिन अघिबाटै आधा सिलिण्डर ग्यास बजारमा पठाउन उद्योगहरुलाई निर्देशिन दिइसकेको अवस्थामा ग्यास अभाव कृत्रिम भएको अनुगमनले देखाएको छ ।

मध्यपूर्व तथा खाडी मुलुकहरुमा चलिरहेको युद्धका कारण बजारमा ग्यासको माग बढी भएको मौकामा ग्यास व्यवसायीले कृत्रिम अभाव सिर्जना गरेको हुनसक्छ । भविष्यमा संकट आउनसक्ने अनुमानका आधारमा उपभोक्ताहरुले धेरै परिमाणमा ग्यास मौज्दात राख्न खोज्दा आपूर्तिमा केही समस्या देखिएको हो । विगतमा भन्दा बढी ग्यास बिक्रीवितरण गर्दा पनि अभाव देखिनु स्वभाविक होइन । विद्यार्थी र भाडामा बस्नेहरुसँग जगेडा सिलिण्डर नभएका कारण ग्यास पाउन असहज भएको अवस्थामा व्यवसायीले सहजीकरण गर्नु आवश्यक देखिन्छ । ग्यास आपूर्ति सहज भइरहेको अवस्थामा नियमित बजार अनुगमन गरी अभाव सिर्जना गर्नेलाई कारबाही गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल १००
ट्राफिक प्रहरी १०३
वडा प्रहरी ५२०२९९
पशुपतिनगर इलाका ५२०५९८
मनहरी इलाका ९८५५०९०१६१
भीमफेदी इलाका ६९१४६२
पालुङ इलाका ६२०४६७
फापरबारी इलाका ६२१९८०
चित्लाङ इलाका ६२१०००
वारुण यन्त्र १०१
बालबालिका खोजतलास केन्द्र १०४
बाल हेल्पलाइन १०९८
हेलो सरकार ११११
नेपाल टेलिकम सोधपुछ १९७
एम्बुलेन्स १०२
नेपाल विद्युत प्राधिकरण गुनासो ११५०

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक गतिविधिमा ध्यान दिनु पर्ला ।
**वृष** : धार्मिक एव सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : पैतृक सम्पत्तिको उपयोबाट लाभ प्राप्त होला ।
**कर्कट** : बौद्धिक क्षेत्रका काममा सरिक भइने योग छ ।
**सिंह** : अरुको मुख ताक्नाले लक्ष्यमा पुगिदैन ।
**कन्या** : इच्छित कार्यमा सम्पन्न हुने समय योग देखिन्छ ।
**तुला** : व्यक्तित्व विकासको काममा लागि परिएला ।
**वृश्चिक** : सामाजिक एवम् परोपकारजन्य काममा सरिक ।
**धनु** : सामाजिक एवम् साँस्कृतिक कार्यमा सरिक भइएला ।
**मकर** : सोँच र बुद्धिको उपयोगले काम पूर्ण होला ।
**कुम्भ** : स्वास्थ्य स्थितिलाई बेवास्ता नगर्दा राम्रो ।
**मीन** : ज्ञान र सीपले जस पाइने समय योग छ ।

# सुनामी फेरि आउँछ



✍ प्रकाश तिवारी

जनता आगो हुन्, ज्वालामुखी बनी उम्लन्छन् । जनता पानी हुन्, प्रलय ल्याउँछन् । एक काँटी सलाईले डढेलोको बीउ रोप्छ । आगोको सानो फिलिङ्गोले सारा बस्ती उजाड पार्छ । इतिहास भन्छ, जब-जब शासकीय दम्भ र स्वेच्छाचारिताले सीमा नाघ्छ, जनअधिकारको ग्यारेन्टी चाहिरहेका नागरिकमाथि जङ्गी बुट बज्रिन थाल्छ, निश्चित छ- 'सुनामी' आउँछ । सुनामी विध्वंसक हुन्छ । सुनामी बम, गोला-बारुदभन्दा विस्फोटक हुन्छ । तानाशाहलाई घोक्रेठ्याक लगाएर सडकमा पछार्ने सुनामी सूक्ष्म चेतनाबाट आरम्भ हुन्छ ।

समुद्रमा जलसुनामी आएजस्तै राष्ट्र-राज्यमा जनसुनामी आइरहन्छ । जुन देशको शासकले मुलुकलाई बिर्ता ठान्दै ब्रह्मलुट मच्चाउन सुरु गर्छ, आफूलाई मालिक र जनतालाई दास सम्झिन्छ, त्यस देशमा जनसुनामी अवश्य आउँछ । सुनामीको दर्शन साम्यवादी दर्शनभन्दा समतावादी हुन्छ । सुनामी जब आउँछ राजा-रङ्क, कालो-गोरो, ठूलो-सानो, धनी-गरिब, मालिक-दास, अग्लो-होचो सबैलाई एकसाथ लैजान्छ । सुनामीको दर्शन बुझ्न सक्ने, सुनामीले कोरेको मार्गचित्रमा पाइला चाल्न सक्ने नायक नै युग-महारथी बन्न सक्छ ।

सुनामीको जड दशकौँदेखि धर्तीको गर्भमा दमित असन्तोष हो । सुनामी स्वेच्छाचारी शासकविरुद्ध नागरिक बगावतको लाक्षणिक अभिव्यक्ति हो । नेपालमा यतिखेर धेरैको मुखबाट सुनामी शब्द सुनिने गरेको छ । उनीहरू भन्छन्, 'सुनामी आयो ! कुडाकर्कट बगायो !' हुन पनि नेपालमा २१ फागुन २०८२ मा सुनामी आएकै हो । पुराना दल र दम्भी नेतृत्वलाई हायलकायल बनाएकै हो ।

फागुन २१ को सुनामीको सर्जक भदौ अन्तिम हप्ताको भ्रष्टाचारविरोधी युवा विद्रोह थियो । कवि गोपालप्रसाद रिमाल लिखित गीत छ- 'एक जुगमा एक दिन एकचोटि आउँछ, उलटपुलट, उथलपुथल हेरफेर ल्याउँछ ।' फागुन २१ को सुनामी कवि गोपालप्रसाद रिमालको गीतजस्तै हुन पुग्यो, जसले स्थापित राजनीतिक मान्यता र संरचनामा जबर्जस्त उलटपुलट ल्याइदियो ।

यसले प्रजातन्त्रको निर्विकल्प शहंशाह दाबी गर्ने नेपाली कांग्रेसको जगमा नौ रेक्टर स्केलको भूकम्पले झैँ धक्का दियो । कम्युनिस्ट पार्टीको मुख्य भँगालो अनि जनताको बहुदलीय जनवादको मसिहा ठान्ने एमालेलाई हल न चलको अवस्थामा पुऱ्याइदियो । सशस्त्र सङ्घर्षपछि सिंह बनेर प्रकट भएका प्रचण्डलाई बिरालोको नियति भोग्न बाध्य बनाइदियो ।

फागुन २१ को निर्वाचन त्यस्तो सुनामी साबित भयो, जसले कांग्रेस र कम्युनिस्टको स्वप्न-महललाई खण्डहरमा परिणत गरिदियो । यसको पूर्वाभास केही समयपहिले नै भइसकेको थियो । तर विडम्बना, मिडिया बजारमा राजनीतिक विश्लेषकको दर्ज्यानी चिह्न लगाएर बसेका थुप्रैले ठीक-ठीक अनुमान लगाउन सकेनन्! 'निर्वाचनमा गगन थापाले नेतृत्व गरेको विद्रोही कांग्रेसले सानदार परिणाम ल्याउँछ । कांग्रेस ठूलो पार्टी बन्छ । गगन थापा पराजित हुने कल्पनासम्म पनि गर्न सकिँदैन', दर्ज्यानी चिह्न धारकहरु त्यसै भन्थे ।

परन्तु, दर्ज्यानी चिह्न धारकहरूले माने पनि नमाने पनि सुनामी सुनामी नै थियो । सुनामीले गगनलाई चिनेन । कांग्रेस पार्टीको नेतृत्वको लगाम पचास वर्षे युवाको हातमा रहेको देखेन ।

सुनामीलाई कांग्रेसको नेतृत्व कति वर्षको छ ? पार्टीको लगाम देउवाको हातमा छ कि गगनको ? भन्ने जस्ता सवालसँग बाल मतलब थिएन । सुनामीले कांग्रेसलाई मक्किएको पुरानो रुखका रुपमा मात्र देख्यो । यो विशेष महाधिवेशनको सन्देश जनस्तरमा राम्ररी नपुग्नुको परिणाम पनि थिएन । गगनले नेतृत्व सम्हालेको तीन महिनापछि निर्वाचन भएको भए पनि नतिजा लगभग यस्तै आउँथ्यो ।

दर्ज्यानी चिह्न धारकहरूले एकस्वरले उठाएको अर्को कुरा के भने, 'फलानो नेता चुनाव जित्न फलानो ठाउँमा पुग्यो।' यो निम्छरो तर्क हो । यथार्थ यही हो कि, प्रत्येक उम्मेदवार ल्याकतले भ्याएसम्म सुरक्षित क्षेत्रमा गएर चुनाव लड्छ । निर्वाचनमा हरेक उम्मेदवार विजयी हुन चाहन्छ । पराजित हुन कसैले चुनाव लड्दैन ।

यहाँनेर एक टेलिभिजन च्यानलले मतदान सकिएको केही समयपछि प्रस्तुत गरेको मतसर्वेक्षणको चर्चा गर्नु पनि सान्दर्भिक नै हुनेछ । सर्वेक्षणमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ ५७ सिट, रास्वपाले ४४ सिट, एमालेले २८ र नेकपाले १८ सिट जित्ने आकलन गरिएको थियो । तर, सर्वेक्षण प्रस्तुत गरेको १२ घण्टा नबित्दै चुनावी ट्रेन्ड 'के सोचेँ मैले, के भयो अहिले' भनेजस्तो देखिन थाल्यो । अन्तिम परिणामसम्म पुग्दा निर्वाचन जित्ने अनुमान गरिएका धेरै चर्चित उम्मेदवारले पराजय व्यहोरे ।

फागुन २१ को सुनामीले सबैभन्दा घातक निशाना एमालेलाई बनाउँदै थियो । उसले इतिहासमै कमजोर नतिजा ल्याउने निश्चितप्रायः थियो । तर यो स्वीकार गर्न दर्ज्यानी चिह्न धारक धेरैलाई गाह्रो परेको देखिन्थ्यो । एमालेले यो निर्वाचनमा २०७९ मा पाएको सिटको ६८ प्रतिशत गुमायो । सुनामीको दोस्रो निशानामा परेको दलको नाम हो वर्तमान नेकपा । उसले २०७९ को तुलनामा ६० प्रतिशत सिटको नोक्सानी व्यहोऱ्यो । नेपाली कांग्रेसले निर्वाचनमा विगतमा जितेको ५७ प्रतिशत सिट गुमायो । २०७९ को निर्वाचनमा कांग्रेसले ८९, एमालेले ७८, माओवादी केन्द्रले ३२ र नेकपा समाजवादीले १० सिट जितेका थिए । माओवादी केन्द्रलाई बत्तिसे भनिन्थ्यो यसअघि । यसपटक एमालेलाई बत्तिसे हुने सौभाग्यसमेत मिलेन !

निर्वाचन परिणामले रास्वपालाई सही अर्थको 'ल्यान्डस्लाइड भिक्ट्री' दिलायो । 'ल्यान्डस्लाइड भिक्ट्री' र दुईधारे तरबार उस्तै-उस्तै हुन् । भारी जनमत नराम्रो होइन, तर जति भारी जनमत, त्यति धेरै जनअपेक्षा । रवि-बालेनहरूलाई यतिबेला भारी जनअनुसार काम गर्नुपर्ने चुनौती थपिएको छ । उनीहरू प्रश्न सोध्ने ठाउँबाट जवाफ दिने स्थानमा बसाइँ सरेका छन् ।

चेस खेलमा घोडाले राजालाई चलमलाउन नसक्ने गरी चेकमेट दिएजस्तै बालेन्द्र शाहले घमण्डी शासकलाई ठाउँको ठाउँ मात दिए यो पालि । यो उनको असाधारण चेकमेट थियो । बालेन्द्रको असाधारण चेकमेटले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा तरङ्ग ल्यायो । चेकमेटपछि बालेन्द्र 'किङ'को स्थानमा उक्लेका छन् । अब उनी जवाफदेहिता र उत्तरदायित्वबाट उम्कन पाउनेछैनन् । बालेन्द्र शाहप्रति सिकायत पनि छ जनताको ।

उनीहरू भन्छन्, 'बालेन्द्र झोक्की स्वभावका छन् । आत्मकेन्द्रित छन् । अति महत्वाकांक्षी जस्ता पनि लाग्छन् । आमनागरिकसँग घुलमिल हुँदैनन् ! उनको स्वभाव हेर्दा रविसँग द्वन्द्व पर्ने निश्चित जस्तै छ ! आदि-आदि ।' बालेनले आशङ्काको उक्त तुवाँलोलाई कामद्वारा चिर्नुपर्ने भएको छ । उनले राज्य सञ्चालनको क्रममा सन्तुलित नीति अख्तियार गर्नु पनि उत्तिकै जरुरी छ । राजा महेन्द्रसँगको सन्तुलन गुमाउँदा बीपी कोइरालाको दुई तिहाइको सरकार १५ महिनामै अपदस्थ भएको तथ्य बालेन्द्रले हेक्का राख्न सक्नुपर्दछ ।

फागुन २१ नआउँदासम्म चुनाव हुँदै हुँदैन, चुनाव भयो भने राजनीतिबाट संन्यास लिन्छु भन्नेसम्मका तर्क गर्थे एकथरी । चुनावविरोधी मनोवैज्ञानिक युद्ध लड्नमा ठूला ज्योतिषदेखि मै हुँ भन्ने राजनीतिक पण्डितहरू प्रयोग भए । तर चुनाव भएरै छाड्यो ।

हाम्रोमा यस्तो किन हुन्छ ? किन हामी सकारात्मकभन्दा नकारात्मक कुरा बढी गर्छौं ? नकारात्मक कुरामा ज्यादा भरोसा राख्छौं ? निराशाको खेती गर्नु नेपालीहरूको स्वभाव बनिसकेको हो र ? हामीमा पर्खिने धैर्य छँदै छैन भन्दा हुन्छ । तुरुन्तैको तुरुन्तै परिवर्तन चाहिन्छ हामीलाई । थोरै तलवितल होस् मात्र, मुर्दावाद ! र देश छोड् ! भन्दै नारा लगाउन सुरु गर्छौं !

एकथरी मानिसहरू प्रधानमन्त्रीको नियुक्ति नहुँदै 'लुसिफर'ले यो गर्छ, त्यो गर्छ; लुसिफर विदेशी दलाल हो; लुसिफर प्रधानमन्त्री भयो भने नेपालमा विदेशी सेनाले मार्चपास गर्छ भन्दै निराशाको खेती गर्न थालिसकेका छन् । हामीले सरकार बनेको चार-पाँच महिनासम्म उसको काम हेर्नुपर्छ । सरकारको गतिविधि सचेतपूर्वक नियाल्नुपर्छ । बाटो बिराउने सङ्केत देखापरे खबरदारी त्यसपछि गर्ने हो ।

मार्क्सवाद भन्छ- कुनै पनि वस्तुको सिर्जना र विनाशको कारण ऊ स्वयं हो, बाह्य परिस्थितिले त्यसमा बल पुऱ्याउने मात्र हो । त्यसमानेमा २०६४ र २०७४ पछिको संसद्मा दुई तिहाइ हाराहारी उपस्थिति जनाउने एमाले-माओवादी केन्द्र र एकपटक दुई तिहाइ अनि पटक-पटक स्पष्ट बहुमतसहित प्रतिनिधिसभामा पुगेको नेपाली कांग्रेसको दुर्दशाको कारण पनि उनीहरू स्वयम् हुन् । रास्वपाका नेताहरूमा कांग्रेस, कम्युनिस्टहरूको दुर्दशाबाट शिक्षा लिएर जिम्मेवार ढङ्गले सरकार सञ्चालन गर्नुपर्ने च्यालेन्ज थपिएको छ ।

भ्रष्टाचार नियन्त्रण वा सुशासन अबको सरकारको सबैभन्दा ठूलो चुनौतीको रूपमा रहनेछ । कर तिर्दा अवैध रकम बुझाउनुपर्ने, घर-जग्गा पास गर्दा घुस बुझाउनुपर्ने, ठेक्कापट्टामा घुस, मालसामान आयात-निर्यातमा घुस, सरकारी नियुक्ति वा राजकीय सम्मान प्राप्त गर्न घुस, यो टेबुलबाट त्यो टेबुलमा फाइल सार्न घुस, सवारी लाइसेन्समा घुस, अदालतमा मुद्दा लड्दा घुस, गाडी लिएर सडकमा निस्कँदा ट्राफिक प्रहरीलाई घुस, विदेश उड्न लाग्दा इमिग्रेसनमा घुस ! घुस नबुझाई काम हुने ठाउँ भेरी लाइट बालेर खोज्नुपर्ने स्थिति छ । घुस्याहाहरूको सडकदेखि सत्तासम्मको पिरामिड आकारको सञ्जाल छ ।

अवैध असुलीको रकम माथि-सबैभन्दा माथिसम्म पुग्छ । जनताको खुन-पसिना लत्पतिएको रकम सबैभन्दा माथिल्लो कोटरीसम्म पुगेपछि 'तैँ चुप, मै चुप' । कारबाही कसले गर्ने ? उल्लेखित तथ्यहरूलाई मध्यनजर गरी मैले गत साल प्रकाशित चौथो उपन्यास '९६ गड्डी' मा यथास्थिति कायम रहे देशमा ढिलोचाँडो सुनामी आउने सङ्केत गरेको थिएँ । किन्तु उपन्यासले स्वप्निल उडानमा मस्त 'मारफेल' (क्रान्तिकारी पृष्ठभूमिबाट माथि उठेका ठूला पुराना दलका हठी शीर्षस्थ नेता) र उनका भक्तहरूको चिरनिद्रा हरण गर्न सकेन ।

जनता कसैका होइनन्, सबैका हुन्। समृद्धिको उन्मुक्त महासागर छुने आशामा गड्गडाउँदै बगेको नदीजस्तै हुन् जनता । जनता पोखरीको जमेको पानी होइनन् । समृद्धिको उन्मुक्त महासागर छुने रहरमा जनताले एक जमानामा राजाको जयजयकार गरे। कुनै बेला नेपाली कांग्रेस जिन्दावाद ! भन्दै गगनभेदी नारा लगाए। इन्कलाब जिन्दावाद ! भन्दै एमाले अनि माओवादीतिर फर्केर दर्बिलो मुट्ठी पनि उठाए । अहिले तिनै जनता रास्वपाको नीलो झन्डा उठाउन पुगेका छन्। यो क्रम समृद्धिको उन्मुक्त महासागर नभेटेसम्म जारी रहन्छ । समृद्धिको उन्मुक्त महासागर नछोएसम्म जनता यसरी नै गड्गडाउँदै अघि बढिरहनेछन् ।

नेपाली जनतामा चन्द्रधरातलमा बसाइँ सर्ने खालको महत्वाकांक्षा छैन । नेपाली जनताको इच्छा-कामना साना छन्, तर महत्त्वका छन् । नेपाली जनताको महत्वाकांक्षा भनौं या हासिल गर्न चाहेको स्थायी मुकाम हो- महँगी नियन्त्रण, कालोबजारीको अन्त्य, सार्वजनिक यातायातमा सुबिस्ताले हिँड्न पाउने अवस्थाको सिर्जना, स्कुल-महाविद्यालयमा निःशुल्क शिक्षा, अस्पतालमा निःशुल्क उपचार, घुसरहित सार्वजनिक प्रशासन, रोजगारीको ग्यारेन्टी, आदि-इत्यादि । बालेन्द्र शाहले जनतालाई उल्लेखित स्थायी मुकाममा पुऱ्याउने गरी काम गर्नु जरुरी छ ।

भनाइ छ- जाडोमा तातो दिने पनि आगो, आजीवन प्रेमले पालेको प्यारो देहलाई चितामा भष्म गराउने पनि आगो ! जुन आगोले सेक्छ, त्यही आगोले डढाउँछ । त्यसअर्थमा, सत्तामा बसेर राजा लुई चौधौँले जसरी 'आई एम द स्टेट' भन्दै सर्वेसर्वा ठान्न लागियो भने, न्याय र सुशासनको माग गर्ने जनताको छातीमा जङ्गी बुट बजार्न थालियो भने, जनता आखिर जनता हुन्, कुनै पनि समय सुनामी बनेर उर्लन सक्छन् ।


सुनामी एकपटक आएपछि फेरि नआउने भन्ने हुँदैन । सुनामी विध्वंसक हुन्छ । सुनामी विस्फोटक हुन्छ । शासन-सत्ताले जनविश्वास गुमाउने हर्कत गरेका दिन सुनामी फेरि आउँछ !

*(स्रोतः अनलाईनखबर)*

# मोबाइलमा झुन्डिरहने बच्चालाई पुस्तक पढ्न बानी लगाउने ५ तरिका

आजको डिजिटल दुनियाँमा बालबालिकालाई पुस्तक पढ्ने बानी बसाउनु निकै चुनौतीपूर्ण छ । शिक्षक र अभिभावकको दवावका कारण स्कुले किताब जेनतेन पढे पनि अन्य किताबप्रति अचेलका बालबालिकाको कत्ति पनि रूचि देखिँदैन । अलकति समय मिल्नेबित्तिकै बालबालिकाहरू प्रायः मोबाइल फोन वा कुनै डिजिटल डिभाइसमा डुबेका हुन्छन् ।

प्रायगरी बालबालिकाहरू अतिरिक्त पुस्तक पढ्ने कुरा सुन्न पनि चाहँदैनन् । उनीहरूलाई पुस्तक पढ्न आग्रह गरियो भने रिसाउने, झर्कने र रुने जस्ता हर्कत देखाउन थाल्छन् । यो अहिले अधिकांश अभिभावकको समस्या हो ।



### बालबालिकालाई कसरी पुस्तक पढ्ने बानी लगाउने ?

### १. बालबालिकाका लागि आफू स्वयं आदर्श बन्ने

बालबालिकाहरू जे देख्छन्, त्यही गर्छन् । अझ आफ्ना अभिभावकले गरेको कुरा अनुसरण गर्ने रुचि उनीहरूमा धेरै हुन्छ । पुस्तक पढ भनेर करकर मात्रै गर्नुभन्दा उसका अगाडि हामी आफैं पुस्तक लिएर पढ्न थाल्यौं भने बालबालिकाहरूमा पनि पढ्ने रुचि बढ्न सक्छ ।

यदि हामी आफैं फोन वा टिभीमा मात्रै झुण्डिएर बस्छौं भने बालबालिकालाई 'पढ' भनेर कर गर्दा उनीहरू रुष्ट हुन्छन् । बच्चा पनि मोबाइल, टिभी वा डिजिटल डिभाइसमै झुण्डिन रुचाउँछन् ।

यदि आफ्ना बच्चाले किताबहरू पढुन् भन्ने चाहना राख्छौँ भने पहिले हामी आफैंमा त्यो बानीको विकास गर्नुपर्छ ।

### २. दबाब दिएर भन्दा रूचि जगाएर पढ्न लगाउने

प्रत्येक अभिभावकले बुझ्नुपर्छ कि, उनीहरूले आफ्ना बच्चालाई किताब पढ्न दबाब दिनु हुँदैन । बच्चाको पहुँचमा हुने गरी आकर्षक शीर्षक तथा चित्रहरु भएका किताब राखिदिनुपर्छ । यसो हुँदा उनीहरुलाई पुस्तकप्रति चाख लाग्छ । बिस्तारै त्यसमा रुचि र चासो बढ्दै जाँदा पढ्ने बानी लाग्छ । सुरुमा, उनीहरूले नपढे पनि तस्बिरहरू मात्रै पनि हेर्ने बानी लगाउनुपर्छ ।

### ३. सुत्नुअघि कथा भन्दै किताबसँग जोड्ने

आजकल, सुत्नुअघि कथाहरू भन्ने चलन बिस्तारै हराउँदै गइरहेको छ । यो बच्चाहरूलाई किताबहरूसँग जोड्ने एक राम्रो तरिका हो । जब तपाईं कथा सुनाउनुहुन्छ । बच्चाको दिमागमा एक काल्पनिक संसार सिर्जना हुन्छ । सुत्दा भनेकै कथाहरू भएका पुस्तक ल्याइदिनुहोस् । त्यसमा मुखले भनेको भन्दा पनि राम्रोसँग कथाको प्रस्तुती हुनु सक्छ । यसले बच्चालाई किताबप्रति रूचि जगाउँछ । कथाप्रति रुचि भएपछि बालबालिकाहरू आफैं पढ्न थाल्छन् ।

### ४. बालबालिकाको प्राथमिकतामा पुस्तक छनोट गर्ने

सुरुमा, आफ्नो बच्चालाई शैक्षिक पुस्तकहरू नदिनुहोस् । यदि उसलाई डायनासोर मनपर्छ भने, उसलाई डायनासोरहरू भएको कमिक्स ल्याइदिनुहोस् । यदि उसलाई परीहरू वा सुपरहिरोहरू मनपर्छ भने उसलाई तिनीहरूको बारेमा लेखिएका पुस्तक ल्याइदिनुहोस् ।

यदि खेलकुद वा कथा, चित्रकला आदि बारे बच्चालाई रुचि छ भने त्यही अनुसारका पुस्तकको व्यवस्था गरिदिनुपर्छ । आफ्नो प्राथमिकतामा नभई बालबालिकालाई नै पुस्तक पसलमा लगेर उनीहरूको छनोटअनुसार पुस्तक किन्दा राम्रो हुन्छ । यसो गर्दा बच्चामा उक्त पुस्तप्रति अपनत्वको महसुस हुन्छ र त्यो पढ्न रुचि लाग्छ ।

उनीहरूले पढ्नमा रमाइलो गर्न थाल्छन्, बिस्तारै अन्य पुस्तकहरू पनि पढ्न थाल्नेछन्।

### ५.निश्चित समय छुट्याउने

सम्भव भए हरेक दिन नभए सातामा केही दिन निश्चित समय पुस्तक पढ्नकै लागि छुट्याउन सकिन्छ । यसो हुँदा त्यो समयमा पुस्तक पढ्ने बाहेक अरू कुरा गर्न पाइँदैन भन्ने कुरा बच्चाको दिमागमा बस्छ । सुरु सुरुमा मन नलागे पनि बिस्तारै पढ्ने बानीको विकास हुन्छ । निरन्तर पढ्न थालेपछि रुचि जाग्दै जान्छ। महिनौं यसलाई रुटिनकै रूपमा अनुसरण गर्दै जाँदा पढ्ने बानी नै बस्छ ।

### के पुस्तकमा आकर्षित गर्न मोबाइल फोन चलाउनै नदिने हो ?

होइन, अहिलेको समयमा मोबाइल फोनहरू पूर्णरूपमा चलाउन नदिनु गाह्रो छ र हटाउनु पनि हुँदैन । कतिबेला के गर्ने भनेर निश्चित नियम बनाउनुपर्छ । *(स्रोतः अनलाईनखबर)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# हेटौँडा टु मकवानपुरगढी बाइक राइड



समाज संवाददाता

हेटौँडा : यामाहा कम्पनिको आर वान फाइभ र एम टी वान फाइभ मोडलका बाइक राइडरहरुका लागि हेटौँडा टु मकवानपुरगढी राइड कार्यक्रम शनिबार भएको छ । ३० जना राइडर सहभागी कार्यक्रममा मकवानपुरगढी दरबार पुगेपछि राइडरहरुबीच बिस्तारै मोटरसाइकल चलाउने, जिम, डोरी तान्ने, दौड प्रतियोगिता समेत आयोजना गरिएको थियो ।

यामाहा कम्पनिका दुइपाङ्ग्रे सवारीका लागि हेटौँडाको आधिकारिक विक्रेता राज मोटर्सले आयोजना गरेको कार्यक्रमबाट बाइक राइडरहरुसँग अनुभव आदानप्रदान गर्नुका साथै मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको राज मोटर्सका प्रोप्राइटर राजन श्रेष्ठले जानकारी दिनुभयो । हेटौँडा-४ स्थित राज मोटर्सको शोरुमबाट सुरु भएको राइड हेटौँडा बजारको परिक्रमापछि मकवानपुरगढी प्रस्थान गरेको थियो । यामाहा कम्पनिले आफ्नो ब्राण्ड प्रवर्द्धनका लागि आवधिक रुपमा विविध क्रियाकलाप गर्ने गरेको छ । यसअघि स्कुटरको माइलेज च्यालेन्ज कार्यक्रम पनि गरिएको थियो ।

# रोशन बलामीको आवाजमा 'तिमी मेरो साथ'

समाज संवाददाता

काठमाडौं : पीएम म्युजिक नेपालमार्फत 'तिमी मेरो साथ' नामक साङ्गीतिक कोसेली नेपाली संगीतको बजारमा सार्वजनिक भएको छ । रोशन बलामीको आवाज रहेको उक्त गीतको शब्द र संगीत समेत रोशन बलामीकै रहेको छ भने सुन्दर मगरले संगीत संयोजन गरेका छन् । पीएम म्युजिक नेपालको युटुब च्यानलबाट बजारमा ल्याइएको उक्त सांगीतिक कोसेलीमा कलाकार प्रकाश दीप तिमल्सिना र आकृति पोखरेललाई म्युजिक भिडियोमा देखिन्छ भने बाल कलाकार रियान्शी बलामी पनि रहेको छन् ।

# स्वरोजगार यातायात मजदुरको अध्यक्षमा खनाल

समाज संवाददाता

हेटौँडा : स्वरोजगार यातायात मजदुर मकवानपुरको अध्यक्षमा शोभा कुमारी खनाल चयन हुनुभएको छ । कम्पनीको आइतबार सम्पन्न पाँचौं वार्षिकोत्सव तथा पहिलो साधारणसभाले अध्यक्षमा खनाललाई चयन गरेको हो ।

अध्यक्ष खनालसँगै उपाध्यक्षमा अक्कल बहादुर थिङ र दुर्घटना संयोजकमा शिवहरी पुर्वछानेलाई पनि चयन गरेको छ । समितिको सचिवमा तीर्थराज खनाल, कोषाध्यक्षमा दिनेश खड्का, सदस्यहरुमा बुद्ध कुमार राई, आकाश डिम्डुङ, केशव रसाइली हुनुहुन्छ । कार्यक्रमको अवसरमा हेटौँडाका १६ जना अटो तथा इ-रिक्सा चालक महिलाहरुलाई नगदसहित सम्मान गरिएको थियो । साधारणसभामा कार्यसमितिका कोषाध्यक्ष दिनेश खड्काले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्य तथा समितिका अध्यक्ष राकेश कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा ट्रेड युनियन महासंघका मकवानपुर अध्यक्ष रामशरण घिमिरे, अखिल नेपाल ट्रेड युनियन महासंघका बागमती सचिवालय सदस्य बिष्णु राना, कम्पनीका सञ्चालक समितिका अध्यक्ष शुक्रपति दाहालका लगायतका व्यक्तिहरुको उपस्थिति थियो । कम्पनीले हरेक वर्ष चैत्र १ गते वार्षिकोत्सव विभिन्न कार्यक्रमहरु गरेर मनाउँदै आइरहेको छ ।

# सूचीकृत हुन आउने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३)*

प्रस्तुत विषयमा चालु आ.व. २०८२/०८३ मा सार्वजनिक खरिद ऐन २०६३ अनुसार विद्यालयका लागि आवश्यक पर्ने विभिन्न सामग्री तथा सेवा खरिद गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार मौजुदा सूची तयार गर्न देहाय अनुसारका विभिन्न प्रकृतिका वस्तु तथा सेवा आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातसहित सूचना प्रकाशन भएको सात (७) दिनभित्र विद्यालय समयभित्र निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको र आवश्यक कागजात संलग्न नगरिएका निवेदक वा सप्लायर्सलाई मान्यता दिइने छैन । सूचीकृत गर्न वा नगर्न अधिकार विद्यालयमा निहित हुनेछ ।

**तपसिल :**
१) सेनेटरी प्याड ।
२) मसलन्द तथा कार्यालय सामग्री ।
३) खेलकुद सामग्री ।
४) बिजुली बत्ती तथा सामग्री ।
५) कम्प्युटर, प्रिन्टर, इलेक्ट्रोनिक्स सामान, पाटपूर्जा, टोनर मसी तथा अन्य ।
६) चामल, दाल, तरकारी, अण्डा, माछा, मासु लगायत अन्य खाद्य सामग्रीहरु ।

**आवश्यक कागजातहरू :**
१) फर्म वा संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी ।
३) आ.व. २०८१/२०८२ को करचुक्ता प्रमाणपत्र ।
४) मू.अ. कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

सम्पर्क : ९८६५०४८९३३
Gmail : buddhaschool165@gmail.com

**श्री बुद्ध माध्यमिक विद्यालय**
**हेटौँडा-१२, पान्तले, मकवानपुर**

# बिमालेख हराएको सूचना

**बिमालेख नं. २५०८१८६८९ तीर्थ कुमारी राईको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको सक्कल बिमालेख बोन्ड पेपर हराएकोले फेला पर्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोबाइल नं. ९८२१८३४९२८ सम्पर्क गरी सहयोगको लागि अनुरोध गर्दछु ।**

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

*सुचना प्रकाशन मिति: २०८२।१२।०३*

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कान्तिराजपथ शाखा, मकवानपुर**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२ चैत्र १ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मंजुरिनामा बस्ने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मसीने एंकक्त कृषि फर्म प्रो दयादेवी तिर्मल्सिना | १६९७६ | मनहरी ०४,मसिने | तुलाराम तिर्मल्सिना | चेत बहादुर खड्का | पशुपक्षीपालन कर्जा | ४०००००० | १४३७५४.०५ | ४१४३७५४ | पवन खड्का, ध्रुव खड्का |
| २ | लिलावती कुखुरापालन फर्म प्रो तेजराज बर्तौला | १५०७० | हेटौडा ०३, लेखपानी | कृष्ण लाल बर्तौला | भवानी शंकर बर्तौला | कुखुरापालन कर्जा | ४०००००० | १९०४०२.३७ | ४१९०४०२ | विना बर्तौला लिलावती बर्तौला रमण बर्तौला |
| ३ | केशब प्रसाद घिमिरे | १६०३१ | हेटौडा ५ पिप्ले | हरि प्रसाद घिमिरे | होमनाथ घिमिरे | घरायसी /सरल कृषि कर्जा | ३९९०००० | १७११५७.७८ | ४१६११५८ | किशोर घिमिरे |
| ४ | सृजना पोल्ट्री फर्म प्रो बेल प्रसाद दाहाल | १२४३५ | बकैया ०४, गरगरे | भवनाथ दाहाल | बलभद्र दाहाल | पशुपक्षीपालन कर्जा | ३०००००० | १०५२०१.७७ | ३१०५२०२ | भवनाथ दाहाल |
| ५ | जोसिका बहुउद्देश्यीय कृषि तथा पशु फर्म प्रो राम नारायण खतिवडा | १७५६४ | मकवानपुर गढी ०४,मनकामना डाँडा | होमनाथ खतिवडा | चोवनाथ खतिवडा | भिटा कर्जा | २८५८७०४ | १३२६४३.६९ | २९९१३४८ | वासुदेव पौडेल |
| ६ | दैनिक सप्लायर्स प्रो बिनोद लामा | १५३५१ | हेटौडा १५, जाँते | राम बहादुर लो लामा | कालु लो लामा | व्यापार कर्जा | २५००००० | १२७४८७.९४ | २६२७४८८ | दिकु शेर्पा, रामबहादुर लो लामा , रेणु लो लामा |
| ७ | अभिनम बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फर्म प्रो रमा खत्री | १७४१३ | मकवानपुरगढी ०४,नमुना टोल | जितबहादुर | मनोज कुमार खत्री | पशुपक्षीपालन कर्जा | २०००००० | ६५६७१.३ | २०६५६७१ | अम्बिका खत्री , मनोज खत्री , अशोक खत्री |
| ८ | विन्दास कृषि तथा पशुपालन फर्म प्रो बद्री प्रसाद उप्रेती | १६०३२ | हाँडीखोला ०२, मकरी | काजी बाबु उप्रेती | छविलाल उप्रेती | सरल कृषि कर्जा | १९५०००० | ६८१२१.५२ | २०१८१२२ | काजीबाबु उप्रेती |
| ९ | दाज्यू भाई म म एण्ड होटल प्रो कमला शाही | १६५५३ | बसामाडी ०४ | रमेश बहादुर शाही | गणेश बहादुर शाही | सेवा कर्जा | १८००००० | ६१२२६.१५ | १८६१२२६ | रमेश बहादुर शाही |
| १० | स्मृति बाख्रा फर्म प्रो जय बहादुर थिङ | १५८३० | नामटार ०८,मरेडकोट | हर्क बहादुर थिङ | चटके थिङ | पशुपक्षीपालन कर्जा | १८००००० | ८१८०७.९१ | १८८१८०८ | हर्क बहादुर थिङ |
| ११ | दाहाल सप्लायर्स प्रो टेक बहादुर दाहाल | १७६३१ | मकवानपुरगढी ०३ | पदम बहादुर दाहाल | सिध्दी बहादुर दाहाल | व्यापार कर्जा | १५९५३८२ | ६१४४०.२१ | १६५६८२२ | यम प्रसाद पौडेल /शुसिला पौडेल दाहाल |
| १२ | सभ्यता एण्ड सिजन एकीकृत कृषि फर्म प्रो शब्द बहादुर गौतम | १६५५६ | मनहरी ०४,मसिने | केशव बहादुर गोतामे | ईन्द्रबहादुर | सरल कृषि कर्जा | १५००००० | ८००५३.१४ | १५८००५३ | कला गौतम |
| १३ | भिममाया कृषि तथा पशु फर्म प्रो अनिल कुमार राई | १७३१७ | बकैया ०४, छतिवन | विर बहादुर राई | लाल बहादुर | पशुपक्षीपालन कर्जा | १३५०००० | २८५८४.३७ | १३७८५८४ | भिममाया राई |
| १४ | राजेन्द्र श्रेष्ठ | १७५९३ | मनहरी ६सुनाचुरी, हाल हेटौडा १० | उमेश्वरलाल श्रेष्ठ | तिर्थलाल श्रेष्ठ | सरल कृषि कर्जा | १३०९१५८ | ४७५१६.०५ | १३५६६७४ | श्रीमती लक्ष्मी श्रेष्ठ |
| १५ | सावित्री कुमारी महत | ६३८५ | हेटौंडा १८,हर्नामाडी | गोविन्द बहादुर महत | सेते बज्यु | सरल कृषि कर्जा | १३००००० | ३७०१४.७३ | १३३७०१५ | |
| १६ | समरिना कृषि तथा बाख्रा फर्म प्रो गणेश बहादुर तितुङ | १६०९९ | नामटार ०८,मरेडकोट | हर्क बहादुर तितुङ | शक्ते | पशुपक्षीपालन कर्जा | ९५०००० | ३३४२७.२६ | ९८३४२७.३ | निकेश तितुङ |
| १७ | गोविन्द थापा | १२९३९ | बकैया ४ मुक्तानस्वाँर | लाल बहादुर थापा | विर बहादुर थापा | सरल कृषि कर्जा | ९२३४४४ | ३९७५५.७६ | ९६३१९९.५ | युद्ध बहादुर थापा |
| १८ | सुनौलो एकीकृत कृषि तथा पशुपक्षी फर्म प्रो दिप लोप्चन | १७१६२ | राक्सीराङ ०६ सिलिङे | सुनवीर | धनविर लोप्चन | बागमति प्रदेश कर्जा | ७६२३१२ | १७०९१.४६ | ७७९४०३.९ | अर्जुन मुक्तान |
| १९ | गौरी माया प्रजा | १६८६३ | राक्सीराङ ०६ सिलिङे | गोविन्द राम प्रजा | मोतीलाल | सरल कृषि कर्जा | ७२०८११ | २१७७९.५५ | ७४२५९०.६ | गोविन्द राम प्रजा |
| २० | गोविन्दराम प्रजा | १६६९६ | राक्सीराङ ०६ सिलिङे | मोतीलाल | राम बहादुर प्रजा | सरल कृषि कर्जा | ६९६६७६ | २५३७७.०२ | ७२२०५२.७ | गौरी माया प्रजा |
| २१ | अनुसा एकिकृत कृषि तथा पशुपक्षी फर्म राम बहादुर प्रजा | १७६३९ | राक्सीराङ ०६, दामराङ | फौज्दार सि प्रजा | प्रमाण सि प्रजा | सरल कृषि कर्जा | ६१०००० | ३०६७२.५२ | ६४०६७२.५ | प्रमाण सि प्रजा/कान्छीमाया प्रजा |
| २२ | मिस्मा एकीकृत कृषि तथा पशुपंक्षी फर्म प्रो रुदीमाया थिङ | १७०९५ | मनहरी ०२, टाँडी | चंन्द बहादुर थिङ | जित बहादुर थिङ | बागमति प्रदेश कर्जा | ४००८५४ | ९५७६.१ | ४१०४३०.३ | चन्द बहादुर थिङ |
| २३ | धन बहादुर मुक्तान | १६३०४ | कैलाश १० | जय बहादुर | लाल सि | सरल कृषि कर्जा | ३२५००० | १२६११.३२ | ३३७६११.४ | |
| २४ | गंगा कृषि तथा पशु फर्म प्रो गंगा न्यौपाने | १७६४१ | हेटौडा १७ एक्लेखेत | रामचन्द्र खत्री | कर्ण बहादुर न्यौपाने | भिटा कर्जा | २९२०१६ | ६५३९.६६ | २९८५५५.९ | कर्ण बहादुर न्यौपाने |
| २५ | रिजन एकीकृत कृषि तथा पशुपंक्षी फर्म प्रो रामेश्वर बर्तौला | १७०९१ | हेटौंडा ११ | चेतनाथ बर्तौला | कृष्ण प्रसाद | पशुपक्षीपालन कर्जा | २३४४७३ | १०३८१.७३ | २४४८५४.३ | रश्मी बर्तौला |
| २६ | नमुना स्वच्छ कृषि फर्म प्रो चेतनाथ स्याङतान | १७०७५ | राक्सीराङ ०५ पेरुचे | मिनबहादुर स्याङतान | भैरबबहादुर | बागमति प्रदेश कर्जा | १९८०५७ | ३७९.८२ | १९८४३६.४ | गोपी माया स्याङतान |
| २७ | सिद्धम कृषि तथा पशु फर्म प्रो डबल सि थिङ | १७१७० | राक्सिराङ ६, सिलिङे | नयन सि थिङ | डम्बस सि | बागमति प्रदेश कर्जा | १७२४३२ | २६०८.२६ | १७५०३९.९ | तिर्थ लाल थिङ |
| २८ | प्रजा उत्थान एंकिकृत कृषि तथा पशुपक्षी फर्म प्रो पान बहादुर प्रजा | १७२१८ | राक्सिराङ ६, दामराङ | कुल बहादुर प्रजा | कना सि | बागमति प्रदेश कर्जा | १६२०१९ | ३४९१.३२ | १६५५१०.७ | कुल बहादुर प्रजा |
| २९ | ढिल बहादुर एकीकृत कृषि तथा पशुपक्षी फर्म प्रो ढिल बहादुर मुक्तान | १७१५७ | मनहरी ०२, व्यापल | दल बहादुर | राम लाल | बागमति प्रदेश कर्जा | ११८२२८ | १८६६.५१ | १२००९४.२ | पार्वती माया मुक्तान |
| ३० | सिन्की खाडल एग्रीकल्चर प्रा.लि संचालक श्याम बहादुर थोकर | १७१६० | भिमफेदी ०९ | ज्ञान बहादुर थोकर | लाल बहादुर थोकर | बागमति प्रदेश कर्जा | ११४८६३ | १७३९.०३ | ११६६०१.९ | ठुली माया थोकर |
| ३१ | सक्षम पशु फर्म प्रो मेर बहादुर पाखिन | १७४५९ | मकवानपुरगढी ०४ | मान बहादुर पाखिन | | बागमति प्रदेश कर्जा | १०००००० | २७१७४.९३ | १०२७१७५ | माईली माया पाखिन |
| ३२ | बद्री प्रसाद तिर्मल्सिना | १६८०४ | हेटौंडा १७ बाबुचोक | भवनाथ तिर्मल्सिना | कृष्ण प्रसाद तिर्मल्सिना | सरल कृषि कर्जा | ९५०००० | ३८७८०.१४ | ९८८७८०.१ | सविन्द्र तिर्मल्सिना /महेन्द्र कुमारी |
| ३३ | दिल बहादुर बम्जन लामा | १६४११ | बकैया ०३, हात्तिसुडे | बाबुलाल बोम्जन | होईसाल दोर्जे बोम्जन | सरल कृषि कर्जा | ९००००० | २४२९३.६४ | ९२४२९३.६ | पावती घिमिरे |
| ३४ | गिता कुखुरापालन फर्म प्रो गिता राई | १६४७२ | हेटौंडा १६ हटिया | ज्ञान बहादुर राई | सामिर राई | पशुपक्षीपालन कर्जा | ९९५९१३ | १७६५४.५३ | १०१३५६८ | सामिर राई /सुजाता राई |
| ३५ | थापा कृषि तथा पशुपालन फर्म प्रो सुरेन्द्र बहादुर थापा | १७२५० | मनहरी ०२ मिलन टोल | शिवजी थापा | | बागमति प्रदेश कर्जा | १७२१६८ | १४८५.७९ | १७३६५४.१ | विमला थापा |
| ३६ | अर्गानिक कृषि फर्म प्रा डबल तितुङ | १६६३९ | कैलाश १० भल्टार | नेमा दोर्जे तितुङ | मान बहादुर तितुङ | बागमति प्रदेश कर्जा | ८३०५९.४ | ८३०.६९ | ८३८९०.०७ | अमृता थोकर |
| ३७ | मैनाली एकीकृत कृषि तथा पशुपक्षी फर्म प्रो डिल्ली प्रसाद मैनाली | १७२४० | मनहरी ०१ | भवनाथ मैनाली | रुद्रघन बहादुर मैनाली | बागमति प्रदेश कर्जा | १४४८२१ | ८१७.०५ | १४५६३८ | शर्मिला अधिकारी |
| ३८ | जन जागीत अर्गानिक कृषि फर्म प्रो रत्न बहादुर भोम्जन | १६७७२ | मकवानपुरगढी ०८ बुढीचौर | श्री मान भोम्जन | बुद्धिमान भोम्जन | सरल कृषि कर्जा | ७२९७५९ | २१६२६.६९ | ७५१३८५.७ | विष्णु कुमारी भोम्जन |
| ३९ | आकृमा कृषि तथा पशु पशुपक्षी फर्म प्रो सुनमाया योञ्जन दोङ | १७३९० | भिमफेदी ०३ | मोहन सिङ दोङ | राम सिङ दोङ | बागमति प्रदेश कर्जा | २५२४५३ | २७३८.८८ | २५५१९१.७ | राम सिङ दोङ |
| ४० | अन्नपुर्ण दाहाल | १६२७५ | बकैया ११ | जिवलाल दाहाल | | सरल कृषि कर्जा | ५०३७५० | ९०७३.७१ | ५१२८२३.६ | देव नाथ दाहाल |
| ४१ | सेतीमाया जिम्बा | १६८०९ | मनहरी ०१, चकरी | कृष्ण बहादुर जिम्बा | बालकृष्ण गोले | सरल कृषि कर्जा | ९५०००० | १८७५६.६५ | ९६८७५६.७ | प्रभाव बहादुर जिम्बा |

**सम्बन्धित कार्यालयको नाम : छतिवन शाखा, मकवानपुर**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२ चैत्र १ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मंजुरिनामा बस्ने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सोम मायाँ कृषि तथा पशुपक्षी फर्म (प्रो जित बहादुर जिम्वा ) | २९० | बकैया ०७ हर्दा | गोपाल बहादुर जिम्वा | सुब्बा बहादुर जिम्बा | सरल कृषि कर्जा | ८४७००० | ६०००० | ९०७००० | सोममाया जिम्बा |

**सम्बन्धित कार्यालयको नाम : पालुङ्ग शाखा, मकवानपुर**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२ चैत्र १ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मंजुरिनामा बस्ने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेनुका तिमल्सेना | ३३८१ | थाहा-४, धानाबजार, मकवानपुर | उकेश चन्द्र के.सी. | अक्कल बहादुर के.सी. | कृषि उत्पादन कर्जा | २०,६०,००० | ५,५०,६७७ | २६,१०,६७७ | उकेशचन्द्र के.सी /उपेन्द्र के.सी. |

**कृषि विकास बैंक लि.**
**बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन**

### प्रधानमन्त्री कप क्रिकेट

# अन्तिम खेलमा ललितपुरसँग मकवानपुर पराजित



*मकवानपुरको क्रिकेट टिम ।*

समाज संवाददाता

हेटौँडा : काठमाडौंमा जारी प्रधानमन्त्री कप बागमती प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा मकवानपुर पराजित भएको छ । सोमबार भएको लिग चरणको अन्तिम खेलमा मकवानपुर ललितपुरसँग ९२ रनले पराजित भएको हो ।

त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा भएको खेलमा टस जितेर व्याटिङ गरेका ललितपुरले निर्धारित ५० ओभरमा ४ विकेट गुमाएर ३ सय ३७ रन बनाएको थियो । ललितपुरका लागि विवेक राना मगरले शतकीय पारी खेले । ७१ बल्लमा शतक पूरा गरेका विवेकले ९० बल्लमा नटआउट १५९ बनाएका थिए । विवेकसँग राम्रो साझदारी गरेका अर्का व्याटर सचिन लेखक ७१ रनमा आउट भए। विवेक र सचिनले चौथो विकेटका लागि १७९ रनको साझगारी गरे । ललितपुरका लागि रोनिम तिवारी ५३ रन आदिल खानले २३ रनका योगदान गरे । ललितपुर सूर्य तामाङले ३ विकेट लिए । ललितपुरका क्याप्टेन बिपिन आचार्य, तिलक राजभण्डारी र विवेक राना मगरले समान २ विकेट लिए ।

३ सय ३८ रनको विशाल लक्ष्य पछ्याउन मैदान प्रवेश गरेका मकवानपुर २ सय ४५ रनमै समेटियो । मकवानपुरले ३९ ओभर २ बलमा २ सय ४५ रनमा अलआउट हुन पुग्यो । मकवानपुरका लागि ओपनर शुभ कंसाकारले सर्वाधिक ८६ रन र अर्का ओपनर गोकुल अधिकारीले २० रन बनाए । तक्षक सिम्खडाले ३५ रन, विशाल फुयालले २६ रन र युविन बुढाथोकीले २५ रनको योगदान गरे। मकवानपुरका शुभ कंसकार, रिजन ढकाल र टक्षक सिम्खडाले समान १ विकेट लिए । लिग चरणको ६ खेलमध्ये २ मा जित र ४ खेलमा हार व्यहोरेको मकवानपुर अंक तालिकाको पाँचौं स्थानमा रहँदै प्रतियोगिताबाट बाहिरिएको छ। व्याटिङ र बल्लिङ दुवैतर्फ उत्कृष्ट प्रदर्शन गरेका ललितपुरका विवेक राना मगर म्यान अफ द म्याच घोषित भएका छन् । ललितपुरले यो खेल जितेसँगै फाइनलमा प्रवेश गरेको छ। ललितपुर अंक तालिकाको दोस्रो स्थानमा रहँदै फाइनलमा फाइनलमा प्रवेश गरेको हो ।

सोमबार तल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा भक्तपुरले चितवनलाई पराजित गरेको छ । भक्तपुरले चितवनलाई ६ विकेटले पराजित गरेको हो । सुरुमा टस जितेर व्याटिङ गरेको चितवनले भक्तपुर सामु ११९ रनको लक्ष्य प्रस्तुत गरेको थियो । खेलमा सुरुदेखि खराब लयमा देखिएको चितवन ३२ ओभरमा ११८ रनमा अलआउट भएको थियो । चितवनका लागि क्याप्टेन गौतम केसीले सर्वाधिक २१ बनाए। प्रतिक श्रेष्ठ र अर्या महतोले समान १५ रन बनाए। चितवनका दिपेश श्रेष्ठले २ विकेट, मन्दिप बराल र पवन बहादुर थापाले समान १ विकेट लिए ।

भक्तपुरले ४ विकेट गुमाएर लक्ष्य भेट्टायो। भक्तपुरले १८ ओभर ४ बल्लमा ४ विकेट गुमाएर १२० रन बनाएको हो। भक्तपुरका विशाल देवकोटाले नटआउट २३ रन बनाए। शिवम् तिवारीले ३१ रन र सौरभ साखकर्मीले २६ रन जोडे। भक्तपुरका अविनास बस्यालले ४ विकेट, सक्रिय प्रताप कार्की, सुवाश खत्री र क्रिश कार्कीले समान २ विकेट लिए ।

यस्तै, माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा काठमाडौंले त्रिभुवन विश्वविद्यालयलाई १८२ रनले पराजित गरेको छ । त्रिभुवन विश्वविद्यालयलाई हराएर काठमाडौं अंक तालिकाको शीर्षस्थान कायमै राखेको छ। सुरुमा व्याटिङ गरेको काठमाडौंले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३५२ रन बनाएको थियो । काठमाडौंका रित गौतम नटआउट १५८ रन बनाएका थिए। बलिङतर्फ काठमाडौंका सोनु देवकोटाले ४ विकेट र दयानन्द मण्डलले ३ विकेट लिए ।

३ सय ५३ रनको विशाल लक्ष्य पछ्याएको त्रिवि १७० रनमै समेटियो । त्रिविको टिम ३७ ओभर ३ बलमा १७० रनमा अलआउट भयो। त्रिविका सुरज तिरुवाले ४४ रन र नविन रावलले ३४ रन बनाए । त्रिविका क्याप्टेन सुमित झाले ३ विकेट लिए। दिनेश थापा, लोकेन्द्र तिमल्सिना र सुरज तिरुवाले समान १ विकेट लिए । ७ वटा टोली सहभागि रहेको यस प्रतियोगितामा अंक नजोड्ने त्रिवि एक्लो टोली बनेको छ। प्रतियोगिताको फाइनल खेल मंगलबार तल्लो मूलपानी क्रिकेट मैदानमा हुनेछ । फाइनल खेलमा काठमाडौं र ललितपुर प्रतिस्पर्धा गर्नेछ ।

### जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौँडा : हेटौँडामा जारी मकवानपुर जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा जारी प्रतियोगिताको क्वार्टरफाइनलका खेलहरु सोमबार भएको हो ।

सोमबार भएको पहिलो क्वार्टरफाइनल खेलमा मंगलेश्वर युवा क्लबे मिलन युवा क्लबलाई २५-२० र २५-१४ को सोझो सेटमा परीजत गरेर सेमिफाइनलमा प्रवेश गरेको हो । दोस्रो खेलमा नवप्रतिभा साँस्कृतिक युवा क्लबले बागमती गाउँपालिकालाई २५-१९ र २५-१८ को सेटमा पराजित गर्‍यो । यस्तै तेस्रो खेलमा मनहरी गाउँपालिकाले सफल केयर क्लबलाई २५-१२ र २५-२२ ले र चौथो खेलमा छहारी युवा सेवा समाजले पशुपति युवा क्लबलाई २५-१४ र २५-१८ को सोझो सेटमा पराजित गरेर प्रतियोगिताको अघिल्लो चरणमा प्रवेश गरेको हो। सेमिफाइनल खेल मंगलबार बिहान ८ बजेदेखि हुनेछ भने फाइनल खेल दिउँसो २ बजे हुनेछ ।

प्रतियोगितामा मकवानपुर जिल्लाका ८ वटा टोली सहभागी छन्। प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। सेमीफाइनलमा पराजित हुने दुई टिमले १५/१५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीहरुलाई नगदसहित ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने छ ।

# जिल्लास्तरीय करातें प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा मकवानपुर जिल्लास्तरीय कराँते प्रतियोगिता सुरु भएको छ। जिल्ला सितोरियो कराँते संघ मकवानपुरको सहकार्यमा सुरु भएको प्रतियोगितामा सोमबार २५ केजी तौल समूहको छात्र काता प्रतियोगिता भएको हो ।

सोमबार भएको काता प्रतियोगितामा सिमात बुद्ध डोजोका आयुष स्याङ्तान प्रथम भएका छन्। मेन डोजोका विकास राई द्वितीय, बागमती डोजोका विकास दोङ र भिरकोट डोजोका दीपेन्द्र घिमिरेले तृतीय स्थान हासिल गरेका हुन् । प्रतियोगितामा ३०, ३५, ४०, ४५, ५०, ५५, ६० र ६५ केजी तौल समूहमा प्रतिस्पर्धा हुनेछ । यस्तै, एकल काता प्रतियोगिता पनि हुनेछ।

छात्र र छात्राका बिच छुट्टाछुट्टै काता र कुमुते प्रतियोगिता हुनेछ। प्रतियोगिताका बाँकी प्रतिस्पर्धाहरु मंगलबार हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने डोजोले नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# जिल्लास्तरीय खुल्ला डबल्स व्याड्मिन्टन प्रतियोगिताको उपाधि बीरु र चेतनको जोडीलाई



*पुरस्कृत भएपछि व्याडमिन्टन खेलाडीहरु ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव अन्तर्गत मकवानपुर जिल्लास्तरीय खुल्ला डबल्स व्याड्मिन्टन प्रतियोगिताको उपाधि हेटौँडा-५ का बीरु गुरुङ र चेतन विश्वकर्माको जोडीले जितेको छ ।

शनिबार हेटौँडा-११, थानाभञ्याङस्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको प्रतियोगितामा हेटौँडा-१० का राम थापा मगर र महेश बोहोराको जोडीलाई पराजित गर्दै गुरुङ र विश्वकर्माको जोडीले उपाधि जितेका हुन्। हेटौँडा-५ का अजय बजागाईं र हेटौँडा-११ का नितिन थापाको जोडी तेस्रो हुँदा भीमफेदी गाउँपालिकाका भोजराज जोशी र सुमन अर्यालको जोडी सान्त्वना भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता, उपविजेता, तेस्रो र सान्त्वना हुनेहरुले क्रमशः २० हजार रुपैयाँ, १० हजार रुपैयाँ र ५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका बीरु गुरुङले नगद २ हजार रुपैयाँसहित मेडल तथा ट्रफी प्राप्त गरेका छन् ।

उनीहरुलाई हेटौँडा-१० स्थित टिसीएन चौरमा आयोजित महोत्सवमा मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कार वितरण कार्यक्रममा जिल्ला खेलकुदका अध्यक्ष राजकुमार मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले पुरस्कार प्रदान गरे । महोत्सवमा कराँते, तेक्वान्दो, भलिबल लगायतका खेलहरु सञ्चालन हुनेछ। मकवानपुर जिल्ला व्याड्मिन्टन संघको सहकार्यमा शुक्रबार सुरु भएर शनिबार प्रतियोगिता सम्पन्न भएको हो ।


**यौन हिंसाबाट बचौं र बचाऔं :**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालिबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# ट्राफिक नियम सिकाउँदै प्रहरी स्कूलका विद्यार्थी



*जेब्रा क्रसिङमा ज्येष्ठ नागरिकलाई बाटो पार गराउँदै एक विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडा : कक्षा १० को शैक्षिक गतिविधिको समाप्ति पश्चात एसईईको तयारीमा रहेका चितवनस्थित नेपाल प्रहरी स्कुलका विद्यार्थीहरुले ट्राफिक नियम सम्बन्धी जानकारी लिएर एक दिन सामाजिक सेवा अन्तर्गत ट्राफिक स्वयम्सेवकको रुपमा कार्य गरेका छन् ।

चितवनस्थित नेपाल प्रहरी स्कुलमा कक्षा १० मा अध्ययनरत छात्र-छात्रहरुले सोमबार नारायणगढको सडकमा एक दिन ट्राफिक स्वयम्सेवकको रुपमा कार्य गरेका हुन्। नजिकिँदै गरेको एसईई पश्चात प्रहरी विद्यालय छाड्ने विद्यार्थीलाई लक्षित गरेर सचेतनामूलक कार्यक्रम एवम् विद्यार्थीलाई सामाजिक उतरदायित्व बहन गर्न सक्ने आचरण व्यवहार प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम संचालन गरिएको विद्यालयका समादेशक प्रहरी निरीक्षक रोशन थापाले जानकारी दिनुभयो ।

विद्यार्थीलाई नेपाल प्रहरीको दैनिक कामकारबाही, अपराध अनुसन्धान एवम् विभिन्न विषयका कानूनी ज्ञानका साथै सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी महत्वपूर्ण प्रावधान, ट्राफिक नियम, कारबाही, जरिवाना एवम् सवारी दुर्घटना न्यूनीकरणमा एक जिम्मेवार नागरिकको भूमिका सम्बन्धमा सचेतना प्रदान गरिएको छ। सचेतना कक्षामा सहभागी छात्र-छात्राहरुले आफूले सिकेका जानकारीहरुलाई ट्राफिक प्रहरीसँगै सडकमा खटिएर ट्राफिक स्वयम्सेवकको भूमिका समेत निर्वाह गरेका थिए ।

ट्राफिक प्रहरीसँगै नारायणगढको विभिन्न व्यस्त चोकमा परिचालित ट्राफिक स्वयम्सेवक विद्यार्थीले सवारी नियम उल्लंघन गर्नेहरुलाई कारबाही गर्न सहयोग गर्ने, जेब्रा क्रसिङबाट बाटो काट्न सहयोग गर्ने, सडक प्रयोगकर्ताहरुलाई सुरक्षित सडक प्रयोग गर्ने सम्बन्धी जानकारी दिने लगायतका कार्य सम्पादन गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनसँग समन्वयमा ५३ जना विद्यार्थी सहभागी भएको समादेशक प्रहरी निरीक्षक थापाले जानकारी दिनुभयो । कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक डिल्लि नारायण पाण्डे, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरी, जिल्ला ट्राफिक कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापा, स्कुलका शिक्षक एवम कर्मचारीहरुको उपस्थिति रहेको थियो ।


**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095



**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हेटौँडा, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।**

(सूचना प्रकाशित मिति २०८२/१२/०३ गते मंगलबारको समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०४/१६ गते बुधबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/१२/१८ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क. ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१ ऋणी : प्रभा राई** (ना.प्र.नं. १३८, जारी मिति २०५९/०५/०५, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर)। स्थाई ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ६ (साविक मनहरी गा.वि.स. वडा नं. ५) । हालको ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५ । बाबु : राज कुमार राई । पति/ससुरा : रत्न कुमार राई/चन्द्र बहादुर राई । | **जमानतकर्ता : रत्न कुमार राई** (ना.प्र.नं. ३०/५५८, जारी मिति २०५५/०५/०३, जिल्ला प्रशासन कार्यालय, मकवानपुर)। स्थाई ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ६ (साविक मनहरी गा.वि.स. वडा नं. वडा नं. ५)। हालको ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ५ । बाबु : चन्द्र बहादुर राई । बाजे : आइतराम राई । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी **प्रभा राई**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ५, नक्सा सिट नं. ५, कित्ता नं. ८८२८ र ८८३० क्षेत्रफल ०-०-६-० र ०-०-६-० (विघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ..............................१

**पुनश्च :**

१. बोलपत्र सम्वन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय हेटौंडा, मकवानपुर**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ